गरीबी निवारण कोष
नेपाल
२०६०

कोष समाचार
# जीविका
चैत्र २०६४



# बजारमा गरिबको पहुँच

## कपिलवस्तुमा गरिबका लागि गरिबद्वारा सञ्चालित चिस्यान केन्द्र

स्थानीय जनसहभागितामा सञ्चालन हुने संगठनहरूले गरिबी निवारणको वृहत् उद्देश्य परिपूर्तिमा कति ठूलो योगदान पुऱ्याउनसक्छ भन्ने कुरा कपिलवस्तुको शिवम् दुग्ध उत्पादन संस्थाले प्रमाणित गरेको छ। पाँच गाविसका ४४ सामुदायिक संस्थाको संयुक्त प्रयासमा सञ्चालित यस दुग्ध उत्पादन संस्थाले कपिलवस्तुको रामनगर-९ मा एक हजार दुई सय लिटर क्षमताको चिस्यान केन्द्र खोलेको छ। मागभन्दा बढी उत्पादन भई दूध खेर जान थालेपछि स्थानीय सामुदायिक संस्थाहरू चिस्यान केन्द्र खोल्ने अभियानमा जुटेका हुन्।

गरिबी निवारण कोषको सहयोग र संरक्षणमा सञ्चालित यी सामुदायिक संस्थाले दूध भण्डारण, चिस्यान र प्रशोधनको सुविधा प्रदान गर्दै स्थानीय कृषकलाई बजारसम्म सम्पर्क स्थापित गराउन मद्दत गर्नेछ।

चिस्यान केन्द्र निर्माणमा समुदायले तीन लाख रुपैयाँ लगानी गरेको छ भने कोषबाट २४ लाख ५० हजार ५ सय रुपैयाँको वित्तीय सहायता उपलब्ध भएको छ। स्थानीय गाउँलेहरूले एक लिटर दूधमा ७ देखि १० रुपैयाँ थप आम्दानी हुने आशा गरेका छन्, जसले उनीहरूको जीविकोपार्जनमा प्रत्यक्ष सहयोग पुऱ्याउनेछ।

'म एक लिटर दूध १६ रुपैयाँमा बिक्री गरिरहेको छु,' झिन्वा सामुदायिक संस्थाका सदस्य धर्मराज मौर्य भन्छन्, 'यो प्लान्ट (चिस्यान केन्द्र) सञ्चालनमा आएपछि यसको मूल्य २५ रुपैयाँ पुग्नेछ।' अतिरिक्त आम्दानीले आफ्नो १३ सदस्य परिवारको गुजारा चलाउन सजिलो हुने उनी बताउँछन्। केन्द्रबाट कपिलवस्तुका पाँच गाविस रामनगर, विद्यानगर, गणेशपुर, भगवानपुर र सिर्सिहवाका ३ सय ५७ कृषक प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन्।

पहिले स्थानीय स्तरमा उत्पादन हुने दूध यहाँका चिया पसल र मिठाई पसलमा बिक्री गरिन्थ्यो। यसबाहेक ठूलो परिमाणको दूध घरायसी प्रयोगमा आउँथ्यो। उत्पादन बढ्न थालेपछि पशुपालक कृषकहरूले चिस्यान केन्द्रको आवश्यकता महसुस गरे। जिल्लामा अरू पनि प्रशोधन केन्द्र नभएका होइनन् तर ती गाउँलेको पहुँचभन्दा टाढा छन्। कृषकहरूलाई त्यहाँ पुग्न लामो दूरी पैदल तय गर्नुपर्छ। समयमै दूध पुऱ्याउन नसक्दा गुणस्तरमा कमी आउने उनीहरू बताउँछन्।

'दूध उत्पादकहरूलाई बजारसम्म दीगो पहुँच स्थापना गर्न चिस्यान केन्द्र अति आवश्यक

.....क्रमशः ३ पेजमा

भित्र

३ असमानताविरुद्ध लड्न ईफाडको सहयोग
जिल्ला विशेष रामेछाप ४
५ सफलताको कथा परम्परागत पेशामा व्यावसायिकीकरण
पाहुनाको कलम अवसरको समय ६
८ पीओ/सीओ कुना सामाजिक रूपान्तरणका साक्षी
क्षेत्रविशेष ग्रामीण गरिबी निवारणमा लघु-जलविद्युत् ९
१० संक्षिप्त गतिविधि
संक्षेपमा कोष १२

कोष समाचार
जीविका

गरिबी निवारण कोषको चौमासिक समाचार बुलेटिन
वर्ष २, अंक ५, चैत्र २०६४

**सम्पादन सल्लाहकार**
राजबाबु श्रेष्ठ

**सम्पादक**
श्रीराम सुवेदी

*जीविका गरिबी निवारण कोषद्वारा चौमासिक रुपमा प्रकाशन गरिन्छ । जानकारीपत्रमा समावेश सूचना तथा सामग्रीहरू साभार गर्दा वा पुन:प्रकाशन गर्दा गरिबी निवारण कोषको नाम उल्लेख गर्नुहुन पाठकहरूलाई अनुरोध गर्छौं ।*

**गरिबी निवारण कोष**
चाकुपाट, ललितपुर
पो.ब.नं. ९९८५, काठमाडौं, नेपाल
फोन : +९७७-१-५५५३६७१/५५५३६७२/५५५३६७३
फ्याक्स : +९७७-१-५५५३६७४
इमेल : info@pafnepal.org.np

गरिबी निवारण कोषसम्बन्धी वृहत् जानकारी र सूचनाका लागि कृपया हाम्रो वेबसाइट हेर्नुहोस् : www.pafnepal.org.np

## विचार

# सम्पर्क र समन्वय

– **ओमप्रसाद पौडेल**
**समन्वयकर्ता कार्य प्रबन्धक** (मुगु)

आमजनतालाई गरिबीको दुष्चक्रबाट बाहिर ल्याउन विभिन्न सरकारी निकाय, विकास साझेदार र नागरिक समाजबीच सम्पर्क र समन्वयको अत्यन्त महत्वपूर्ण भूमिका हुन्छ । समुदायका विविध मागहरू पूरा गर्नुपर्ने हुँदा सरोकारवालाहरूको संयुक्त प्रयासबिना विकास उद्देश्य हासिल गर्न सकिदैन ।

सबै निकायको लक्ष्य, उद्देश्य, लक्षित समूह र काम गर्ने तरिका फरक हुन्छ । गरिबी निवारण कोषले अतिगरिब वर्गको उत्थानमा सहयोग गर्ने उद्देश्य लिएर गरिबी निवारणका कार्यक्रम तथा आयोजना सञ्चालन गर्ने विभिन्न संस्थाहरूसँग साझेदारी गर्ने रणनीति लिएको छ । उनीहरूको लक्षित समूह, कार्यक्रम क्षेत्र र कार्यान्वयन विधि फरक हुनसक्छ । तर दुवै संस्थाको उद्देश्य एउटै छ भने जहिले पनि सहकार्य र समन्वयको सम्भावना रहन्छ । उनीहरू आफ्ना अनेक विविधताका बावजूद समान उद्देश्य प्राप्तिका लागि कार्यक्रम कार्यान्वयनमा अधिकतम लचकतासाथ अघि बढ्न सक्छन् । कोष एक मागमुखी, लक्षित वर्गमा केन्द्रित र प्रत्यक्ष लगानीको कार्यक्रम हो । यसले कार्यक्रम कार्यान्वयनमा पारदर्शी प्रक्रिया अपनाउँदै सबै किसिमका विकास गतिविधिको तर्जुमा, कार्यान्वयन, सञ्चालन र व्यवस्थापनमा स्थानीय समुदायलाई जिम्मेवार र जवाफदेही बनाउँछ ।

गरिब वर्गको आवश्यकता परिपूर्तिका लागि सहकार्य गरिरहेका साझेदारहरूले एकअर्काको परिपूरकका रूपमा काम गर्नुपर्छ । कोष गरिब वर्गमा लक्षित आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने सबै किसिमका संस्थाहरूसँग सहकार्य गर्न ईच्छुक छ । यसका लागि स्थानीय समुदायलाई सहभागितामूलक पद्दतिबाट आयोजना तयार पार्न लगाउनुका साथै त्यसको कार्यान्वयन, सञ्चालन र व्यवस्थापनमा समुदायलाई नै जिम्मेवार तुल्याउनुपर्छ । आयोजनाको नेतृत्व र लाभ हासिल गर्नमा समुदायका बहिष्कृत समूहको अर्थपूर्ण सहभागिता पनि सुनिश्चित गरिनुपर्छ ।

विकास उद्देश्य प्राप्तिका लागि माथि भनिएका सबै किसिमका समुदायसँग परिपूरक सहकार्य गर्नमा कोष अत्यन्त लचिलो छ । विभिन्न संस्थासँग मिलेर काम गर्न विभिन्न पद्दति अपनाइन्छ । उदाहरणका लागि, कोषले लघु-जलविद्युत् आयोजनामा लगानी गरिने चक्रीय कोष स्थापना गर्न एईपीसीसँग समझदारी पत्र हस्ताक्षर गरेको छ । कोषले पूर्वाधार कार्यका लागि आयोजना लागत बाँडफाँडका आधारमा विभिन्न संस्थाहरूसँग काम गरिरहेको छ भने जिविस/गाविसहरूले नगद योगदान गरिरहेका छन् । जिल्लास्तरीय निकायले कोषको लगानीमा सञ्चालित कार्यक्रमका लागि समुदायलाई प्राविधिक सहायता प्रदान गरिरहेका छन् ।

एईपीसी/आरईडीपी, नेपाल टँष्ट, जीईएफ, सीएसपी/डीएफआईडी, यूएनडीपी/पीसीपी र केयर नेपालको साझेदारीमा प्युठान, जुम्ला, डडेल्धुरा, दार्चुला, हुम्ला, बाग्लुङ र मुगु जिल्लामा नौ लघु-जलविद्युत् आयोजना सञ्चालन भएका छन् । यसैगरी, प्युठानका दुई लिफ्ट सिंचाइ आयोजनामा एलएफपी/बीपीसीले सहयोग गरेका छन् । मुगु र दार्चुलामा जिविस र डीएफडीपीबाट दुई खानेपानी आयोजनामा सहयोग प्राप्त भएको छ । जिल्ला कृषि कार्यालयको प्राविधिक सहयोगमा सिराहामा धान खेती विस्तार कार्यक्रम कार्यान्वयन भएको छ । जिविस/गाविसको सहकार्यमा काठेपुल, कल्भर्ट निर्माण, गोरेटो बाटो/ग्रामीण सडकजस्ता थुप्रै लघु-आयोजना सञ्चालन भएका उदाहरण छन् । निजी तथा गैर-सरकारी संस्थासँगको सहकार्यलाई पनि जोड दिइएको छ, जस्तै : डाबर नेपाल र एएनएसएपी । विनरक इन्टरनेशनलको साझेदारीमा बाग्लुङमा सञ्चार केन्द्र स्थापना भएको छ । नेपाल विद्युत् प्राधिकरणसँग मिलेर सिराहा र कपिलवस्तुमा ग्रामीण विद्युतीकरण कार्य सञ्चालन भइरहेको छ ।

स्थानीय समुदायको सशक्तिकरण गर्दै सम्बन्धित निकायबाट सेवा प्राप्त गर्ने कार्यलाई प्रोत्साहित गरिएको छ । जिल्ला खानेपानी स्रोत समितिमा लघु-जलविद्युत् उपभोक्ता समूह, सिंचाइ उपभोक्ता समूह र खानेपानी उपभोक्ता समूहजस्ता कार्यगत समूहहरू दर्ता भएका छन् । ❑

.....क्रमशः १ पेजबाट

**उद्देश्यका आधारमा पशुपालन उपक्षेत्रमा कोषको लगानी वर्गीकरण (कपिलवस्तु)**

| उद्देश्य | लाभान्वित घरपरिवार | | लगानी (रुपैयाँमा) | | | |
|---|---|---|---|---|---|---|
| | संख्या | सेयर (प्रतिशतमा) | कोष | सेयर (प्रतिशतमा) | सामुदायिक संस्था | सेयर (प्रतिशतमा) |
| दूध/डेरी | ३,१०० | ४९.१ | ६२,७७८,८६० | ७०.२ | १६,८२४,११६ | ६४.७ |
| मासु | ३,१९० | ५०.५ | २६,२८६,४५५ | २९.४ | ९,०८८,३११ | ३५.० |
| अन्य | २४ | ०.४ | ३४३,७०० | ०.४ | ७३,०१० | ०.३ |
| **कुल** | ६,३१४ | १०० | ८९,४०९,०१४ | १०० | २५,९८५,४३७ | १०० |

*स्रोत : अनुगमन तथा अनुसन्धान एकाई, कोष (२००८ मार्चसम्मको तथ्यांक)*

हुन्छ। स्थानीय सामुदायिक संस्थाहरूको साझा प्रयासबाट यो आवश्यकता पूर्ति भएको छ,' चिस्यान केन्द्रको काम हेर्न गठित ११ सदस्यीय कार्यकारी समितिको सदस्यसमेत रहेका कृषक राजेन्द्र भन्छन्। उनका अनुसार केन्द्रमा बढी भोल्टेज भएको टाँन्सफर्मर जडान गर्ने कार्य अन्तिम चरणमा पुगेको छ र एक महिनामा प्लान्ट सञ्चालनमा आउनेछ। केन्द्र रहेको भिन्वा गाउँबाट कृष्णनगर र श्रीपुरसम्म सडक सुविधा छ, जुन महेन्द्र राजमार्गसँग जोडिन्छ।

कोषमा समुदायबाट माग भइआएको दोस्रो चरणका विकास कार्यक्रममध्ये चिस्यान केन्द्रको निर्माण एक हो। कोषको सहयोगमा पहिलो चरणको आयोजना सम्पन्न गरिसकेका सामुदायिक संस्था सदस्यहरू दोस्रो चरणको आयोजना प्रस्ताव लिएर आउने क्रम बढेको छ।

कपिलवस्तुमा पशुपालनले आयआर्जन क्षेत्रमा भएको कुल लगानीको ५९ दशमलव २ प्रतिशत हिस्सा ओगट्छ। दोस्रो स्थानमा रहेको कृषि उपक्षेत्रको हिस्सा ७ दशमलव ३ प्रतिशतमात्र छ। पशुपालनअन्तर्गत दुग्ध उत्पादनमा सबभन्दा बढी लगानी भइरहेको छ। कोषले समग्र आयआर्जन क्षेत्रमा गरेको लगानीमा पनि पशुपालनको हिस्सा सबभन्दा बढी (७२ दशमलव ५ प्रतिशत) छ। त्यसपछिको स्थान व्यापारले लिएको छ। ❑

***कञ्चन तामाङ, अनुसन्धान तथा विकास अधिकृत, कोष***

# असमानताविरुद्ध लड्न ईफाडको सहयोग

संयुक्त राष्ट्र संघको अन्तर्राष्ट्रिय कृषि विकास कोष (ईफाड) ले नेपालको ग्रामीण क्षेत्रमा महिला, दलित तथा आदिवासी जनतामाथिको असमानताविरुद्ध लड्न कोषलाई ४० लाख अमेरिकी डलर अनुदान सहायता प्रदान गरेको छ। २०६५ वैशाख २७ गते रोममा सम्पन्न सम्झौतामा नेपालबाट अर्थ मन्त्रालयका सह-सचिव कृष्ण ज्ञवाली र ईफाडका अध्यक्ष लेनार्ट बेगले हस्ताक्षर गर्नुभएको थियो। यो रकम कोषको दोस्रो चरणको कार्यक्रम कार्यान्वयनमा उपयोग गरिनेछ। यसअन्तर्गत यो वर्षको अन्त्यसम्म देशका ७५ वटै जिल्लामा कार्यक्रम विस्तार गर्ने उद्देश्य रहेको छ।



सडक तथा पुल निर्माण, खानेपानी, सरसफाई, विद्यालय तथा स्वास्थ्य सेवामा सुधार र पूर्वाधार विकासमा लगानी गरिनेछ। यसले अतिगरिब र बहिष्कृत वर्गलाई रोजगार तथा आयआर्जनको अवसर दिलाउनेछ। 'गरिब र बहिष्कृत समूहसम्म पुगेर सेवा प्रवाह गर्नमा कोषको सफलता देखेर हामीले सहकार्य गरेका हौं,' नेपालका लागि ईफाडका राष्ट्रिय कार्यक्रम प्रबन्धक काटी मानरले भने।

# विश्व बैंक र नेपाल सरकारबीच अनुदान सम्झौतामा हस्ताक्षर



गरिबी निवारण कोषका कार्यक्रमलाई देशभर विस्तार गर्नमा सहयोग पुऱ्याउन विश्व बैंकले १० करोड अमेरिकी डलर अनुदान सहायता प्रदान गरेको छ। बैंकका उपाध्यक्ष प्रफुल पटेल र अर्थमन्त्री डा. रामशरण महतको उपस्थितिमा विश्व बैंक नेपालका राष्ट्रिय निर्देशक सुजान गोल्डमार्क र अर्थसचिव विद्याधर मल्लिकले २०६४ माघ १७ गते २५ करोड ३० लाख अमेरिकी डलर बराबरको सहायता प्याकेजसम्बन्धी सम्झौतामा हस्ताक्षर गर्नुभयो। सोही अवसरमा राष्ट्रिय निर्देशक गोल्डमार्क र कोषका उपाध्यक्ष डा. रामप्रकाश यादवबीच १० करोडडलर बराबरको दोस्रो चरणको गरिबी निवारण कार्यक्रमसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको थियो।

अनुदान सहायताअन्तर्गत कोषले सञ्चालन गर्ने दोस्रो चरणको कार्यक्रम (२००८-२०१२) कार्यान्वयनमा सहयोग प्रदान गरिनेछ। यसअन्तर्गत सामुदायिक आयआर्जन, क्षमता विकास र साना पूर्वाधार योजना पर्छन्। आयोजनाले ग्रामीण गरिबको जीविकोपार्जन र सशक्तिकरणका माध्यमबाट उनीहरूको जीवनयापनमा सुधार ल्याउने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०६१/६२ मा ६ नमूना जिल्लाबाट कार्यक्रम सुरु गरेको कोषले हाल २५ जिल्लामा कार्यक्रम कार्यान्वयन गरिरहेको छ। देशका ७५ वटै जिल्लामा कार्यक्रम विस्तार गर्ने कोषको योजना छ। चालू आर्थिक वर्ष थप १५ जिल्लामा कार्यक्रम सञ्चालन गरिदैछ भने आर्थिक वर्ष २०६५/६६ सम्म थप १५ जिल्लामा विस्तार गरिनेछ। कोषले गरिबी निवारणका पकेट कार्यक्रमहरूका माध्यमबाट बाँकी २० जिल्ला समेट्ने योजना लिएको छ। नियमित कार्यक्रम जिल्लाका अतिरिक्त कोषले अतिगरिब वर्गसम्म पहुँच स्थापित गर्न अन्य २० जिल्लामा विशेष सिर्जनशील कार्यक्रम सञ्चालन गरिरहेको छ।

सन् २००७ को डिसेम्बर अन्त्यसम्म करिब ६ हजार सामुदायिक संस्थाअन्तर्गत लक्षित समुदायलाई संगठित गर्नमा कोषले सहयोग पुऱ्याएको छ। यस अवधिसम्म कोषका कार्यक्रमबाट १ लाख ८७ हजार ६ सय २८ घरपरिवार लाभान्वित छन्। यसमध्ये दलित ४१ प्रतिशत र जनजाति २९ प्रतिशत छन् भने महिलाहरू ६७ प्रतिशत छन्।

जिल्ला विशेष

# रामेछाप



– निर्मल पन्त
समन्वयकर्ता कार्य प्रबन्धक (रामेछाप)

मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्ने रामेछाप नेपालको एक अतिकम विकसित जिल्ला हो । मानव विकास परिसूचकका आधारमा यो जिल्ला ५६ औं स्थानमा पर्छ । मध्य-पहाडी क्षेत्रमा पर्ने यो जिल्ला दक्षिणमा सिन्धुली, उत्तरमा दोलखा, पूर्वमा ओखलढुंगा र सोलुखुम्बु तथा पश्चिममा काभ्रे र सिन्धुलीसँग जोडिएको छ । समुद्री सतहभन्दा ३६९ देखि ६,९६९ मिटर उचाईमा रहेको यस जिल्लामा ५५ गाउँ विकास समिति (गाविस) छन् । यसको सदरमुकाम मन्थली हो ।

कोषले प्रारम्भिक चरणदेखि रामेछापमा कार्यक्रम सञ्चालन गर्दै आएको छ । आर्थिक वर्ष २०६१/६२ देखि हालसम्म ४४ गाविसमा कार्यक्रम सञ्चालन भइरहेका छन् । यहाँ ५ सय ५६ सामुदायिक संस्था कोषमा दर्ता भएका छन्, जसमा आबद्ध घरपरिवार संख्या १४ हजार ५ सय ५० छ । जिल्लाका ७५ प्रतिशत गरिब घरपरिवारसम्म कोषको पहुँच पुगेको छ । यहाँ ९ सहयोगी संस्थाले सामाजिक परिचालनमा सहजकर्ताको भूमिका निर्वाह गरिरहेका छन् । गरिब पहिचान, जीविकोपार्जनका आधारमा स्थानीय घरपरिवारलाई अतिगरिब, मध्यम गरिब, गरिब वा गरिबीको श्रेणीमा नपर्ने भनी वर्गीकरण गर्न, गरिबलाई सामुदायिक संस्थामा संगठित गराउन, आवश्यकता पहिचान तथा प्राथमिकीकरण र समुदायको मागका आधारमा सामुदायिक आयोजना विकास गर्नमा ती संस्थाको ठूलो योगदान छ ।

कोषले समुदायको मागका आधारमा ५ सय ८० आयोजना कार्यान्वयन गर्ने सम्झौता गरेको छ । यसमा आयआर्जनतर्फ ५ सय ४ र पूर्वाधार विकासतर्फ ७६ आयोजना छन् । हालसम्म आयोजना सञ्चालनका लागि १९ करोड २० लाख रुपैयाँ वितरण गरिएको छ । यसमध्ये आयआर्जन आयोजनामा १५ करोड ६० लाख र पूर्वाधार विकासमा ३ करोड ५० लाख रुपैयाँ खर्च भएको छ । समुदाय सञ्चालन खातामा ८ करोड ६० लाख रुपैयाँमात्र निकासा गरिएको छ । लाभान्वित समुदायले पनि विभिन्न आयोजना कार्यान्वयनका लागि करिब १ करोड ५० लाख रुपैयाँ नगद र ७० लाख रुपैयाँ जिन्सी सहयोग गरेका छन् ।

रामेछापमा लक्षित समुदायबाट माग हुने प्रमुख आयआर्जन कार्यक्रम तरकारी खेती र पशुपालन हो । गाई, भैंसी, सुंगुर र बाखापालनमा कोषले सहयोग गरिरहेको छ । कृषि औजार, सिलाइबुनाइ, चिया पसल, साना होटललगायत सेवा क्षेत्रका व्यवसायमा पनि स्थानीय समुदायबाट माग आउने गरेको छ । त्यस्तै लघु उद्यममा अदुवाको क्यान्डी, चाउचाउ र काठ तथा बाँसका फर्निचर उत्पादन कार्यक्रम सञ्चालन भइरहेका छन् । बढी माग हुने पूर्वाधार आयोजनामा खानेपानी, साना सिंचाइ, विद्यालय भवन, पोखरी मर्मत, शौचालय निर्माण र खेतीपातीका लागि प्लाष्टिकमा पानी जम्मा गरेर पोखरी निर्माण गर्ने रहेका छन् ।

हालसम्म यस जिल्लामा १ सय २५ आयआर्जन तथा ३८ पूर्वाधार आयोजना सम्पन्न भइसकेका छन् । यसले गरिब घरपरिवारको आर्थिक रूपान्तरण र सहज जीवनयापनमा ठूलो योगदान पुऱ्याएको छ । सकारात्मक उपलब्धिबाट उत्साहित भएर ९० सामुदायिक संस्थाले १ सय २५ वटा आयोजना तयार पारेका छन् ।

रामेछापमा गाविस स्तरमा गठित सामुदायिक संस्था सञ्जालले आफ्ना समस्या र अनुभव आदानप्रदान गरेर त्यसै आधारमा समाधानका उपाय पहिचान गर्दै आएका छन् । यसलाई बढावा दिन दुईभन्दा बढी संस्थाको सहभागितामा कार्य समूह गठन गरिएको छ । गुप्तेश्वर गाविसमा छ सामुदायिक संस्था मिलेर दुईवटा लघु-जलविद्युत् आयोजना सञ्चालन गरिरहेका छन् । रामपुर गाविसमा पनि सामुदायिक संस्थाले यस्तै सञ्जालमार्फत् काम गर्न थालेका छन् ।

कोषले सामुदायिक संस्था सदस्य र सहयोगी संस्थाका कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम दिँदै आएको छ । नेतृत्व विकास, बचत तथा ऋण व्यवस्थापन र हिसाबकिताब राख्ने तालिम प्रमुख छन् । यसैगरी, पशुपालन व्यवस्थापन, बेमौसमी तरकारी उत्पादन, बिजुली वायरिङ, सामुदायिक पशुपालन स्वास्थ्य सहायक तालिमजस्ता आयोजनामा आधारित शीप विकास तालिम दिइरहेको छ । ❑

**जिल्लाको सामान्य जानकारी**

| | |
|---|---|
| **स्थान** | **मध्यमाञ्चल विकास क्षेत्र** |
| क्षेत्र | १,५६४ वर्ग किलोमिटर |
| उचाई | ३६९ देखि ६,९६९ मिटर |
| राजनीतिक विभाजन | ५५ गाविस |
| जनसंख्या | २,१२,४०८ (महिला ५३%) |
| कुल घरपरिवार | ४०,३८६ (४८% गरिब) |
| औसत परिवार संख्या | ५.२६ व्यक्ति |
| प्रतिव्यक्ति आय | ६,४२१ रुपैयाँ |
| दलित जनसंख्या | ८% |
| जनजाति जनसंख्या | ४४% |
| जनसंख्या वृद्धिदर | १.२३% |
| आर्थिक रूपमा सक्रिय जनसंख्या | ५४.५% |
| साक्षरता दर | ३९% (पुरूष ६४%, महिला ३४%) |
| खानेपानी सुविधा | ५१% |
| विद्यालय भर्ना दर | ७९.०१% छात्र, ४६.८९% छात्रा |
| औसत उमेर | ६१ वर्ष |
| मानव विकास परिसूचकमा स्थान | ५६ |

*स्रोत : केन्द्रीय तथ्यांक विभाग*

सफलताको कथा

# परम्परागत पेशामा व्यावसायिकीकरण

– सुमन लुइंटेल

अछामको भुवामाझ गाउँका १० ताम्राकार परिवार बिहानैदेखि तामाका भाँडा बनाउन व्यस्त हुन्छन् । यो उनीहरूको परम्परागत पेशा हो । यसैबाट उनीहरूको घरव्यवहार चल्छ ।

विगतमा भाँडा उत्पादनका लागि तामा किन्न पैसा नभएर ताम्राकार समुदायले निकै दुःख झेल्नुपरेको थियो । उनीहरूलाई आफ्नो व्यवसाय विस्तारमा पनि समस्या भयो । गरिबी निवारण कोषको सहयोगमा अहिले तामाको भाँडा बनाउने उनीहरूको पेशा निकै फस्टाएको छ ।

अछाम जिल्लाको बरादादेवी गाविस-१ मा पर्ने भुवामाझ गाउँमा ताम्राकार समुदायको बाहुल्य छ । उनीहरूलाई यहाँ दलितका रूपमा व्यवहार गरिन्छ । कोषको सहयोग र संरक्षणमा यस समुदायका महिलाहरूले उग्रतारा सामुदायिक संस्था गठन गरे । गंगोत्री ग्रामीण विकास मञ्चले उनीहरूलाई संगठित हुन, कार्यक्रम पहिचान गर्न र व्यवसाय विस्तार गर्न सहजकर्ताको भूमिका निर्वाह गरेको छ ।

'पहिले हामीसँग कच्चा पदार्थ (तामा) किन्न पैसा हुँदैन थियो । स्थानीय माग पूरा हुनेगरी तामाका भाँडा उत्पादन गर्न सक्दैन थियौं,' स्थानीय पदमबहादुर ताम्राकारले भने-'अहिले कोषले २० हजार रुपैयाँ वित्तीय सहायता दिएको छ । यसले हाम्रो हैसियत बढेको छ ।'

कोषबाट प्राप्त आर्थिक सहायताले यहाँका ताम्राकार समुदायलाई व्यवसाय विस्तार गर्न सजिलो भएको छ । उनीहरूको आम्दानीसमेत बढ्न गएको छ । 'हामी बढी कच्चा पदार्थ किन्नसक्ने भएका छौं,' अर्का तामाका भाँडा उत्पादक हिक्मत ताम्राकारले भन- 'बढी कच्चापदार्थ किन्नु भनेको बढी उत्पादन गर्नु हो ।' कोषको सहायतामा परम्परागत शीपलाई परिस्कृत तुल्याउँदै आय बढाउन सजिलो भएको उनीहरू बताउँछन् ।

बजारमा तामाका भाँडाको माग पहिल्यैदेखि भएकाले कोषको लगानीपछि सम्भाव्य बजार उपयोग गर्न सजिलो भएको उनीहरूको कथन छ । सामुदायिक संस्थाका अध्यक्ष इन्दिरा ताम्राकारका अनुसार यहाँ उत्पादित तामाका भाँडा स्थानीय बजारमा मात्र बिक्री हुँदैनन्, बयलपाटा, मंगलसेन र साँफेबगरसम्म पुग्छन् ।

तर समुदायले अझै तामाका भाँडा उत्पादनबाट अपेक्षित प्रतिफल हासिल गर्न सकेका छैनन् । 'हामीमध्ये धेरै दक्ष कालिगढ छौं । तामाका भाँडा उत्पादन गर्ने पेशालाई उद्योगको रूप दियौं भने अहिलेभन्दा धेरै प्रतिफल हासिल हुनसक्छ,' प्रकाश ताम्राकारले भने ।

उनका अनुसार तामाको भाँडा बनाउने कामलाई उद्योगका रूपमा चलाउनसके आम्दानी दोब्बर हुनसक्छ । यो सपना साकार पार्न अझै वित्तीय समस्या रहेको उनीहरू बताउँछन् । कोषले दोस्रो चरणको सहायताअन्तर्गत उद्योग स्थापना गर्न थप वित्तीय सहायता प्रदान गर्नेमा उनीहरू आशावादी छन् । ❑



## भैंसीपालनले ल्याएको खुशी

धनबहादुर थामी सिन्धुली जिल्लाको महादेवस्थान गाविस- ६ स्थित भुँडीफोर गाउँमा बस्छन् । उनको पाँचजनाको परिवार छ । करिब १५ कठ्ठाको भिरालो जमिनबाट हुने उत्पादनले छ महिना पनि खान नपुग्ने थामी बेमौसममा ज्यालादारी काम गरेर केही पैसा जोगाड गर्छन् । यसबाट सहज जीवनयापनका लागि चाहिने पैसा विरलै जम्मा हुन्छ । आर्थिक अभावले भोको पेट सुत्नु उनको परिवारका लागि नौलो कुरा होइन । तर कोषको सहयोगले थामीको जीवनमा खुशी आएको छ ।

कोषको वित्तीय सहायतामा थामी भैंसीपालन गरिरहेका छन् । यसले दिनमा तीन लिटर दूध दिन्छ र त्यसबाट महिनामा तीन पाथी घिउ उत्पादन हुने उनी बताउँछन् । 'दूध र घिउ बेचेर महिनामा तीन हजार रुपैयाँ आम्दानी गरिरहेको छु,' उनी भन्छन् ।

धनबहादुर जीवनमा आएको यो परिवर्तनले खुशी छन् । 'ज्यालादारी काम गर्दा खानलाउनको सधैं दुःख हुन्थ्यो,' उनी भन्छन्- 'घिउको बिक्रीले जीवन सजिलो भएको छ । आधा किलो घिउ १ सय २५ रुपैयाँमा बिक्री हुन्छ ।'

थामी समुदायको बाहुल्य रहेको यो गाउँमा अधिकांश परिवारलाई आफ्नो कृषि उत्पादनबाट छ महिना पनि खान पुग्दैन । कोषले यी गरिब परिवारलाई लक्ष्य गरेर थुप्रै कार्यक्रम सञ्चालन गरिरहेको छ । यहाँ धनबहादुरजस्ता सदस्यले अभिमुखी सेवा सामुदायिक संस्था गठन गरेका छन् । हाल ४१ घरपरिवार सामुदायिक संस्थामा आबद्ध छन् । धनबहादुरले कोषबाट १८ हजार रुपैयाँ ऋण लिएर भैंसीपालन गरेका हुन् ।

'मैले लामो समयदेखि भैंसीपालन गर्ने कुरा सोंचिरहेको थिएँ, तर पैसा थिएन । कोषको मद्दतले मेरो सपना साकार भएको छ,' उनी भन्छन् । एक गैर-सरकारी संस्था ग्रामीण विकास सेवा नेपालले यहाँका गरिब समुदायलाई सेवा प्रदान गरिरहेको छ । ❑

पाहुनाको कलम

# अवसरको समय

एड्वार्ड बेल
इन्टरनेशनल एलर्ट

'गरिबी निवारण कोषले सरकारका माध्यमबाट रकम परिचालन गर्ने हो भने ५ प्रतिशतमात्र लक्षित समुदायसम्म पुग्नेछ ।'

यो भनाई हो जुम्ला जिल्लास्थित कोष सामुदायिक संस्थाका अध्यक्ष हो । जिल्ला सदरमुकामभन्दा माथि रहेको अनुत्पादक पहाडी क्षेत्रमा बसोबास गर्ने उनको समुदाय लामो समयदेखि चरम गरिबीग्रस्त छ । सरकारी सेवा र आयआर्जनका अवसरबाट वञ्चित यहाँका १ सय ६१ दलितले कोषको कार्यक्रम सञ्चालन हुनुअघिसम्म खाद्य सुरक्षा, स्वास्थ्य उपचार र शिक्षाजस्ता आधारभूत सुविधा पाएका थिएनन् ।

बदलिंदो राजनीतिक परिवेशमा नयाँ सरकार र दातृ संस्थाहरूसँग उसको सम्बन्ध कोषका लागि नयाँ र सम्वेदनशील घडीका रूपमा रहेको छ । यो लेखमा द्वन्द्वपश्चात्को परिवर्तित सन्दर्भमा देशको दीर्घकालीन शान्तिपूर्ण विकासका लागि कोषका कार्यक्रमहरूले कसरी योगदान पुऱ्याउनसक्छ भनी चर्चा गरिएको छ । यो लेखले सरोकारवालाहरूबीच चलिरहेको बहसमाथि प्रकाश पार्दै कार्यक्रमका विशेषता र कमजोरीबारे एक स्वतन्त्र अनुसन्धानकर्ताको दृष्टिकोण प्रस्तुत गर्नेछ । कोषका कार्यक्रमबाट अल्पकाल र मध्यकालमा हासिल भएका उपलब्धिलाई कसरी लामो समय दीगो राख्न सकिन्छ भन्ने सुझाव पनि यसमा दिइएको छ ।

कोषको सहयोगमा देशका अधिकांश जिल्लामा सञ्चालन भइरहेका कार्यक्रमले गरिब समुदायको सामाजिक-आर्थिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । तर कोषका कार्यक्रमलाई लिएर प्रमुख दाता विश्व बैंक र यसका पश्चिमी द्विपक्षीय दातृ साझेदारहरूबीचको बहस रोकिएको छैन । नेपालभित्र पनि प्रधानमन्त्री, राष्ट्रिय योजना आयोग र संसद्बाट अनुमोदित यो कार्यक्रमलाई सबै राजनीतिक दल र शान्ति सम्झौतापछि बनेको सरकार (संविधानसभा निर्वाचनपछि यसमा फेरि परिवर्तन हुँदैछ) का प्रतिनिधिहरूको सहमति जित्न लामो समय लाग्यो । यसमा बाह्य निकायहरूको चासो खासगरी कोषले सहश्राब्दी



विकास लक्ष्यमा पार्ने प्रभाव र यसको कार्य पद्दति सहायता 'प्रभावकारिता' का लागि तय गरिएका तर पछिल्लो समय वृहत् सूचना आदानप्रदानतर्फ थुप्रै कार्यहरू भए पनि यो केन्द्रीय र जिल्लास्तरीय सरकारबाट धेरै टाढा रहेको छ । परम्परागत समझदारीविपरीत छ कि भन्नेमा थियो । नेपालभित्र उठेका चासो भने दशौं लाख डलरको यो कोषमा कसको नियन्त्रण रहने, राज्यको सेवा प्रवाह गर्ने सामर्थ्य र त्यसको दीर्घकालीन विकासमा केन्द्रित थिए ।

कोषको सहायता पाइरहेकाहरू के वास्तवमै अतिगरिब वर्ग हुन् भन्नेमा पनि व्यापक बहस हुँदै आएको छ । कार्यक्रमबाट लाभान्वित गरिबहरू भने यसबाट सन्तुष्ट छन् । कार्यक्रमको सामुदायिक पद्दति र लक्षित वर्गमा सीधै बजेट पुऱ्याउने अवधारणाले आफ्नो जीवनयापनमा निकै सुधार ल्याएको उनीहरू बताउँछन् । पछिल्ला केही सातामा मैले भ्रमण गरेका दुई जिल्लाका सयौं घरपरिवारले आफू विस्तारै गरिबीको रेखाभन्दा माथि उठिरहेको, समाजमा एक जिम्मेवार साझेदारको भूमिका निर्वाह गर्न थालेको र स्थानीय आर्थिक अवसरहरूमा पहुँच बढ्दै गएको बताएका थिए ।

मैले अनुसन्धान गरेका दुई जिल्लामध्ये पहिलो थियो सुदूर पश्चिम तराईको कञ्चनपुर । राष्ट्रिय तथ्यांकका आधारमा तुलनात्मक सम्पन्न जिल्लामा पर्ने कञ्चनपुरमा कोषले आफ्नो 'विशेष सिर्जनशील कार्यक्रम' अन्तर्गत सेवा प्रदान गरिरहेको छ । यहाँ आयआर्जन, क्षमता विकास र सामाजिक परिचालनका कार्यक्रम 'कमैया' समुदायमा केन्द्रित छन् । मैले घुमेको दोस्रो जिल्ला जुम्लामा भने कोषका कार्यक्रम ठूलो संख्यामा सञ्चालन भइरहेका छन् । कोषले सन् २००६ नोभेम्बरमा आफ्ना ६ नमूना जिल्लाभन्दा बाहिर गएर जुम्लामा पहिलोचोटि कार्यक्रम सुरु गरेयता ३० गाविसमध्ये २१ मा कोषका कार्यक्रम सञ्चालन भइरहेका छन् । यी दुवै जिल्लामा मैले भेटेका सयौं व्यक्तिहरू कोषका कार्यक्रमले आफ्नो सामाजिक-आर्थिक अवस्थामा ल्याएको सकारात्मक परिवर्तन र सरकारी सेवाको पहुँचमा आएको सुधार स्पष्टसँग सुनाउँथे ।

जुम्लाको चन्दननाथ गाविसस्थित एक दलित समुदाय त्यसैमध्ये एक हो । एक सय २५ घरपरिवारको यो समुदाय वर्षौंदेखि सरकारबाट उपेक्षित रहँदै आएको थियो । पूरै समुदायका लागि एउटैमात्र खानेपानी पाइप थियो । जिल्ला अधिकारीहरू यहाँ कहिल्यै भ्रमण गर्न आएनन् । बिजुलीको तार उनीहरूको घरमाथिबाटै लगिएको छ तर यहाँको कुनै पनि परिवारले आर्थिक अभावमा बिजुली जोडेका छैनन् । करिब १८ महिनाअघि कोषको स्थानीय सहयोगी संस्था केएएसडीए (जिल्लाका सात सहयोगी संस्थामध्ये एक) ले यहाँका दलित समुदायसँग काम गर्न सुरु गऱ्यो । केएएसडीएले सबै गरिब घरपरिवारमा एकजना सामाजिक परिचालक नियुक्त गरी अशिक्षित समुदायका लागि श्रममूलक काम पहिचान गर्ने र उनीहरूलाई सामुदायिक संस्थाभित्र संगठित हुन सिकाउने काम गर्न थाल्यो । उनीहरूले आफ्नो गरिबी विश्लेषण गर्दै त्यसबाट मुक्त हुन कस्तो खालको कार्यक्रम चाहिएको छ भनी आफैं पहिचान गरे । आफूमध्येका सबभन्दा गरिब परिवारबाट सामुदायिक संस्थाका अध्यक्ष, सचिव र कोषाध्यक्ष छनौट गरे । यसमा महिला सशक्तिकरणलाई पनि विशेष ध्यान दिइयो । यसरी एकजुट भएर उनीहरू अहिले गरिबी निवारणको अभियानमा लागेका छन् ।

यस गाविसका दर्जनौं घरपरिवारले सामुदायिक चक्रीय कोष (कोषको ९० प्रतिशत र समुदायको १० प्रतिशत लगानी रहेको) बाट ऋण लिए । थुप्रै सामाजिक-राजनीतिक



कारणले सुधारको गति सुस्त भए पनि हाल सिलाइबुनाइ, पशुपालन, होटलजस्ता व्यवसायबाट आम्दानी हुन थालेपछि पहिलेका यी सीमान्त, उपेक्षित र उत्पीडित वर्ग आफ्नो स्वास्थ्य उपचार र बालबच्चाको शिक्षामा खर्च बेहोर्नसक्ने भएका छन् । उनीहरूले अहिले आवश्यक पर्दा गाउँका कथित ठूला जातका साहु महाजनहरूसँग उच्च र चक्रवर्ती ब्याज तिरेर ऋण लिइरहनु पर्दैन । यसबाहेक समुदायमा देखिएको सबभन्दा ठूलो सुधार उनीहरूको आत्मविश्वास हो, जसमा यहाँको आर्थिक गतिविधि र संयुक्त रूपमा निर्णय लिने प्रक्रियाले ठूलो भूमिका खेलेको छ । सुनौलो भविष्य निर्माणतर्फ बढेको यो समुदायको प्रगतिलाई गणितीय रूपमा मापन गर्न सकिंदैन, तर यो आफैंमा उल्लेखनीय छ ।

यही सन्दर्भमा विश्व बैंकले हात झिकेपछि यी कार्यक्रमहरू कसरी सञ्चालन हुन्छन् र 'प्रभावकारी सहायता' भनेको 'राज्य-नियन्त्रित सहायता' हो भन्ने अन्तर्राष्ट्रिय मान्यतालाई लिएर बैंक, अन्य दाता र नेपाल सरकारमा अन्यौलको स्थिति देखिएको छ । सन् २००५ मार्चमा जारी भएको 'पेरिस घोषणापत्र' मा अन्तर्राष्ट्रिय दाताहरूले आफ्नो सहायतालाई 'साझेदार राष्ट्रको प्राथमिकता, प्रणाली र विधिसँग सामञ्जस्यता कायम राख्दै' क्षमता सुदृढीकरणमा सहयोग गर्ने प्रतिबद्धता गरेका छन् (अनुच्छेद ३.२) । यसमा कसको प्राथमिकता र कसको क्षमता सुदृढीकरण भन्ने परिभाषित गर्न गाह्रो छ र खासगरी आन्तरिक द्वन्द्वपछिको अवस्थामा त्यसलाई कार्यान्वयन गर्न झनै कठीन छ ।

यो अन्यौललाई सहश्राब्दी विकास लक्ष्यमा भएको विश्वव्यापी सहमतिले मात्र जोड दिएको छैन, नेपालभित्र विभिन्न राजनीतिक दलहरूबीच भएको सम्झौतामा पनि समावेश गरिएको छ । तीन वर्षे अन्तरिम योजनाको पृष्ठ २७ मा 'साना सहभागितामूलक आयोजनालाई विशेष प्राथमिकता दिइनेछ' र 'महिला, दलित, आदिवासी जनजाति, युवा र मधेसी समुदायलाई तत्काल धेरै रोजगार सिर्जना गर्ने आयोजनालाई प्राथमिकता दिइनेछ' भन्ने उल्लेख छ । यही सन्दर्भमा कोषले आफ्नो कार्यक्रम सञ्चालन गरिरहेको छ । तर पछिल्लो समय वृहत् सूचना आदानप्रदानतर्फ थुप्रै कार्यहरू भए पनि यो केन्द्रीय र जिल्लास्तरीय सरकारबाट धेरै टाढा रहन सक्दैन । यसैगरी सामाजिक परिचालन कार्यको गुणस्तर पनि सुनिश्चित गरिनुपर्छ । यी मुद्दाहरू अहिल्यै सम्बोधन गरिनुपर्छ, ताकि विश्व बैंकले आफ्नो सहायता झिकेपछि पनि कोषका कार्यक्रमले निरन्तरता पाइरहन सकोस् ।

नेपाल सरकार, विश्व बैंक र कोषले आगामी दिनमा दुईवटा चुनौती सामना गर्नुपर्नेछ : १) कोषका कार्यक्रम अतिगरिब वर्गसम्म पुगोस् भनी सुनिश्चित गर्ने (यसका लागि होशियारीपूर्वक समुदाय छनौट गर्ने र सहयोगी संस्था तथा सामाजिक परिचालकको नियमित अनुगमन गर्ने), र २) कार्यक्रम सञ्चालन विधि (जसलाई प्रधानमन्त्रीले अनुमोदन गर्नुपर्ने प्रावधान छ तर सम्बन्धित मन्त्रालयको कार्यविधिसँग खासै सम्बन्धित हुँदैन) ले सरकार, निजामति सेवा र सामान्य जनताबीचको अन्तर्क्रिया कसरी सुदृढ तुल्याउँछ भनी देखाउने । व्यवस्थापन र दाताहरूले भनेजस्तै कोषले सार्वजनिक प्रशासनको क्षमता विकास गर्न र सार्वजनिक सेवा प्रवाहमा स्थानीय समुदायको 'सक्रिय सहभागिता' प्रवर्द्धन गर्न धेरै काम गर्नसक्छ । यो थोरै समयमा हुने काम होइन । यसका लागि धैर्य र द्विपक्षीय दाता तथा स्थानीय विकास मन्त्रालयका अधिकारीहरूले दिन खोजेभन्दा धेरै समय चाहिन्छ । विश्व बैंक आफैं पनि आयोजनाको सामयिकताबारे बढी लचिलो हुनुपर्ने खाँचो छ, ताकि धेरैभन्दा धेरै घरपरिवारले सामुदायिक कोषबाट लाभान्वित हुने र आफ्नो सामाजिक-आर्थिक स्थितिमा सुधार ल्याउने अवसर पाउन् ।

आगामी दिनमा सरकार र खासगरी कोषको प्रतिबद्धता अत्यन्त जरूरी छ । सरकारले सहुलियत दिनुका साथै जिल्लाका सरकारी कर्मचारी र बेलाबेला आउने केन्द्रीय अधिकारीहरूलाई जिल्ला सदरमुकामभन्दा बाहिर, कोषको सहयोगप्राप्त समुदायमा पनि भ्रमण गर्न दबाव दिनुपर्छ र परम्परागत रूपले सरकारी सेवाको पहुँचबाट बाहिरिएका वर्गलाई मूलधारमा ल्याउने अभियानमा (खेतीपाती, पशुपालन, सिंचाइ, सरसफाइ, खानेपानी आदि) कोषसँग हातेमालो गर्दै अघि बढ्नुपर्छ । कोषले पनि आफ्ना सहयोगी संस्था र तिनका सामाजिक परिचालकका सन्दर्भमा यही पद्दति अपनाउनुपर्छ । जिल्ला कार्यक्रम प्रबन्धकहरूले कोषको सहयोगप्राप्त प्राविधिक सहायताले जिल्ला सरकारी अधिकारीसँगको सहकार्य कुन हदसम्म सुनिश्चित गरिरहेको छ भनी देखाउन सम्बन्धित मन्त्रालय, जिल्ला परिषद्, कोष सञ्चालक समिति र विश्व बैंकका लागि सहयोगी संस्थाका प्रतिवेदनहरू संकलन गर्नुपर्छ । सहकार्यका क्षेत्रमा जिल्लाको योजना प्रक्रिया र संयुक्त सामुदायिक परामर्श, तालिम र वित्तजस्ता कार्यहरू पर्छन् । यस्ता कार्य जुम्ला तथा अन्य ठाउँमा सुरु भइसकेका छन् र हाल राजधानीमा यसबारे राम्रो समझदारी विकास हुँदैछ । यो प्रगतिलाई देशभर विस्तार गर्नसके नेपालका गरिब तथा सरकार दुवै विजयी साबित हुनेछन् । ❑

*(एड्वार्ड बेल इन्टरनेशनल एलर्टको लण्डनस्थित 'पिसबिल्डिङ इस्युज् प्रोग्राम'का वरिष्ठ कार्यक्रम अधिकृत हुन् । उनको काम नेपालजस्ता द्वन्द्व -प्रभावित मुलुकमा गरिबी निवारण कोषद्वारा सञ्चालित विश्व बैंकका कार्यक्रमहरूमा केन्द्रित छ ।)*



# सामाजिक रूपान्तरणका साक्षी

*गरिबी निवारण कोषले स्थानीय समुदायको आर्थिक तथा सामाजिक रूपान्तरणमा जुन सफलता हासिल गरेको छ, त्यसको पूरा श्रेय यसका कर्मठ र लगनशील सामाजिक परिचालकहरूलाई जान्छ । बिहानदेखि बेलुकीसम्म गाउँगाउँमा खटिएर स्थानीय बासिन्दालाई संगठित गराउँदै कोषका कार्यक्रम तथा अवधारणालाई स्थानीय स्तरमा कार्यान्वयन गराउने अभिभारा उनीहरूकै काँधमा छ । जीविकाको यो स्तम्भमा हामीले तिनै सामाजिक परिचालकहरूको अनुभव क्रमशः समेट्दै जाने उद्देश्य लिएका छौं ।*

कपिलवस्तुको धरमपनिया गाविसमा पछिल्लो दुई वर्षयता ठूलो आर्थिक तथा सामाजिक परिवर्तन आएको छ । यसका साक्षी हुन् स्थानीय कालिका स्वावलम्बन समाज केन्द्रका सामाजिक परिचालक रामकुसुम चौधरी । २०६३ सालमा उनी यो संस्थामा आबद्ध हुँदा गाउँमा विद्यालय जाने बालबालिका निकै कम थिए, गाउँलेहरूमा छुवाछुतको भावना थियो, बालविवाह कानुनी रूपमा अवैध भए पनि सामाजिक रूपमा अमान्य थिएन ।

उनलाई अझै सम्झना छ, गाउँलेहरू दलितले छोएको पानीसम्म पिउँदैन थिए । तर कोषको सहयोगमा खुलेको श्री पार्वती सामुदायिक प्राथमिक विद्यालयले त्यो परम्परागत धारणामा परिवर्तन ल्याउन ठूलो मद्दत गऱ्यो । 'हामीले गाउँका एक गरिब दलितलाई नै विद्यालयमा पियनको जागिरमा लगायौं,' कोषले सामाजिक रूपान्तरणमा खेलेका भूमिकाबारे जीविकासँग कुरा गर्दै उनले भन- 'त्यसपछि उसैले छोएको पानी विद्यालयका सबैले पिउन थाले । अहिले यो परिवर्तन गाउँभरि देख्न सकिन्छ ।'


सुर्यमान कुर्मी

बालविवाहको परम्परा तोड्नमा कोषले खेलेको भूमिका पनि उनी यसैगरी सुनाउँछन् । 'हाम्रै सरस्वती महिला बचत समूहकी एक सदस्यले पहिले १४/१५ वर्षकी आफ्नी छोरीको बिहे गराउन लाग्नुभएको थियो । हामी सबै गएर उहाँलाई रोक्यौं, सम्झायौं र समूहभित्र ल्याएर सामाजिक जागरण र महिलाको आर्थिक सशक्तिकरण कार्यक्रममा सामेल गरायौं,' उनले भने- 'अहिले उहाँ समूहमा सक्रिय भएर लाग्नुभएको छ । अरूलाई पनि बालविवाह गर्न हुन्न भनी सचेत गराउँदै हिंड्नुहुन्छ । उहाँकी छोरीको अझै बिहे भएको छैन । के यो सामान्य परिवर्तन हो र ?'

कोषको सहयोगमा सञ्चालित आयआर्जन कार्यक्रममा भाग लिएर महिलाहरूको आर्थिक स्थितिमात्र सुध्रिएको छैन, कति त लेखपढ गर्नसमेत सक्षम भएको चौधरी बताउँछन् । 'सुरुमा ऋण झिक्दा उनीहरू ल्याप्चे लाउँथे । अहिले आफैं सही गर्छन्,' उनले भने । यसका लागि सरस्वती महिला बचत समूहकी २६ सदस्यले आफैं कोषसँग अनौपचारिक शिक्षा कार्यक्रम माग गरेर त्यसमा नियमित भाग लिएका थिए । अहिले त्यसमध्ये २४ जना राम्ररी लेखपढ गर्न सक्ने भएका छन् ।

कपिलवस्तुकै सिर्सिहवा गाविसस्थित 'माउन्ट एभरेष्ट' नामक संस्थाका सामाजिक परिचालक सूर्यमण कुर्मीको पनि यस्तै अनुभव छ ।

'आर्थिक सुधार त दोस्रो कुरा हो, सामाजिक तौरतरिकामा आएको बद्लाव सबभन्दा ठूलो उपलब्धि हो भन्ने मलाई लाग्छ,' २०६२ सालदेखि संस्थामा काम गरिरहेका कुर्मीले भने । उनका अनुसार सामुदायिक संस्थामा आबद्ध हुनुअघि


राम किसुन चौधरी

यहाका महिलाहरू बाहिरका मान्छेसँग बोल्नधरी धक मान्थे । समाजमा 'घुँघट प्रथा' कायम थियो । अपरिचित मान्छेका अगाडि लाजले टाउको घुम्टोभित्र लुकाउने गर्थे स्थानीय महिलाहरू । तर अहिले तिनै महिला भैरहवा, बुटवलसम्म पुगेर सामान खरिदबिक्री गर्छन् । समूहको बैठकमा नियमित भाग लिन्छन् । आफ्ना समस्या सुनाउन र आर्थिक सुधारका लागि चाहिने विकास कार्यक्रमहरू माग गर्न उनीहरू कत्ति हिच्किचाउँदैनन् ।

यही कुरा पुरूषहरूमा पनि लागू हुन्छ । 'पहिले बोल्न लाज मान्ने, सरकारी अड्डा छिर्न डराउने गाउलेहरू अहिले गाउँ परिषद्को बैठकमा आफ्नो हितमा आवाज उठाउँछन्,' उनले भने- 'समूह गठन गर्दा गरिब, उत्पीडित र उपेक्षित महिला, दलित तथा जनजातिलाई विशेष प्राथमिकता दिनुले पनि सामाजिक जागरणमा मद्दत गरेको छ ।'

कोषको कार्यक्रम सञ्चालनपछि समुदायको आर्थिक तथा सामाजिक स्तरमा अकल्पनीय परिवर्तन आएको कुर्मीको ठम्याइ छ । यसमा कोषका कार्यक्रमहरूले ल्याएको सामाजिक चेतना र आर्थिक सशक्तिकरण कार्यक्रमको ठूलो हात रहेको उनी बताउँछन् । 'आर्थिक सुधार र सामाजिक चेतना विस्तारबाट मात्र वास्तविक अर्थमा गरिबी निवारणको उद्देश्य हासिल हुन्छ,' उनले भने- 'चेतनाबिनाको सम्पन्नतामा स्थायित्व हुँदैन । कोषद्वारा सञ्चालित कार्यक्रमले यी दुवै क्षेत्रमा उत्तिकै जोड दिएको छ ।' ❑

क्षेत्र विशेष

# ग्रामीण गरिबी निवारणमा लघु-जलविद्युत्

– मनोजकुमार गुप्ता, कार्य प्रबन्धक, (जूम्ला), कोष



नेपालमा प्रतिव्यक्ति ऊर्जा उपभोग १४ दशमलव ६ गेगाजुल र प्रतिव्यक्ति व्यावसायिक ऊर्जा खपत १ गेगाजुल छ । यो संसारकै सबभन्दा कममध्ये एक हो । हाम्रो दैनिक जीवन र विकास कार्यहरूका लागि आधारभूत आवश्यकता पूर्ति गर्नमा ऊर्जाले महत्वपूर्ण भूमिका निर्वाह गर्छ । नेपालको ग्रामीण क्षेत्रमा दाउरा बढी प्रयोग भइरहेकाले ऊर्जा उपभोग संरचनामा स्थायित्व आउन सकेको छैन । यसले विभिन्न सामाजिक-आर्थिक तथा वातावरणीय समस्याहरू सिर्जना गरेको छ । यस सन्दर्भमा लघु-जलविद्युत्लाई ऊर्जा विकासको एक सम्भाव्य र भरपर्दो विकल्पका रूपमा लिइन्छ ।

गरिबी निवारण कोषले ग्रामीण क्षेत्रमा ऊर्जाको आवश्यकता पूर्ति गर्न र सामुदायिक सहभागिताद्वारा सामाजिक परिवर्तन ल्याउन थुप्रै लघु-जलविद्युत् आयोजना सञ्चालनमा सहयोग पुऱ्याएको छ । समुदायमा आधारित लघु-जलविद्युत् आयोजनाले प्राविधिक, वातावरणीय, आर्थिक र सामाजिक स्थायित्व प्रदान गर्छ भन्ने कोषको अनुभव छ । कोषले हालसम्म ३ सय १३ किलोवाट क्षमताका १२ लघु-जलविद्युत् आयोजना सञ्चालनमा सहयोग प्रदान गरेको छ । यी आयोजनामा कोषले कुल लागतको ६० प्रतिशत लगानी गरेको छ भने समुदायको १४ प्रतिशत योगदान रहेको छ । बाँकी २६ प्रतिशत जिविस, गाविसलगायत अन्य विकास निकायहरूले लगानी गरेका छन् । हिमाली क्षेत्रमा सञ्चालित १ सय ३१ किलोवाट क्षमताका ९ सामुदायिक लघु-जलविद्युत् आयोजनाबाट १ हजार १ सय ३७ घरपरिवार लाभान्वित छन् । यसैगरी पहाडी क्षेत्रका १ सय ८२ किलोवाट क्षमताका ३ लघु-जलविद्युत् आयोजनाबाट ९ सय ७ घरपरिवार लाभान्वित छन् ।

लघु-जलविद्युत् आयोजना स्थापनाले गरिब ग्रामीण जनता र उनीहरूको घरमा खुशी ल्याएको छ । यसबाट उनीहरू परम्परागत रूपमा प्रयोग गर्दै आएको प्रविधिमा सुधार ल्याउन र सानास्तरका उद्योग सञ्चालन गर्न सक्षम भएका छन् । उनीहरूले अन्धकारमा बस्नुपरेको छ र सानातिना उद्योग व्यापार गर्ने अवसरसमेत पाएका छन् । लघु-जलविद्युत् आयोजना कम लागतमै स्थापना गर्न सकिन्छ । यी आयोजना कम समयमै सञ्चालन गर्न सकिने हुँदा न्यूनतम प्रसारण लागत र चुहावटबाट ग्रामीण विद्युतीकरण गर्न सकिन्छ । यस्ता विद्युत् आयोजनाले ऊर्जाको बढ्दो मागमात्र पूरा गर्दैन, बाढी नियन्त्रण र विभिन्न आयआर्जन गतिविधि विस्तार गर्नसमेत मद्दत गर्छ ।

यी आयोजनाले समुदायमा पार्ने प्रभावका कारण धेरै समुदायले आफ्नो क्षेत्रमा लघु-जलविद्युत् आयोजना सुरु गर्न कोषसँग सहयोग माग गरेका छन् । यसमा गरिब समुदायलाई चाहिने प्राविधिक सहायता र सामुदायिक लघु-जलविद्युत् आयोजनाको दीगो विकासका लागि कोषले हालै वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (एईपीसी) सँग समझदारीपत्र हस्ताक्षर गरेको छ । स्थानीय गरिब समुदायको माग पूरा गर्न र गरिबी निवारणका लागि लघु-जलविद्युत् आयोजनाजस्ता कम लागतको दीगो प्रविधि प्रवर्द्धनमा सहयोग पुऱ्याउन विभिन्न विकास साझेदारहरूसँग सहकार्य गर्नु कोषको सराहनीय कदम हो । ❑

**भौगोलिक आधारमा कोषका सहायतामा सञ्चालित लघु-जलविद्युत्आयोजना**




**लघु-जलविद्युत्आयोजनाका लागि लागत बाँडफाँड अनुपात (रुपैयाँमा)**



संक्षिप्त गतिविधि

# गतिविधि

## कोषको स्वट विश्लेषण कार्यशाला

कोषले २०६४ माघ १४ गते आफ्ना अधिकारीहरूका लागि स्वट (सामर्थ्य, कमजोरी, अवसर र चुनौती) विश्लेषणसम्बन्धी कार्यशाला आयोजना गऱ्यो । आधा दिनको उक्त कार्यशालामा कोषका उपाध्यक्ष डा. रामप्रकाश यादवले सभापतित्व गर्नुभएको थियो । कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभयो भने परिमल झा र कुमार उपाध्यायले स्वट विश्लेषण प्रक्रिया थालनीबारे जानकारी गराउनुभयो ।



## कोष वेबसाइट हेर्ने बढे




हालसम्म ४३ हजार ३ सय २८ जनाले कोषको वेबसाइट हेरेका छन् । कोषसम्बन्धी सम्पूर्ण पछिल्ला सूचनाहरू, विभिन्न प्रकाशन तथा स्थानीय स्तरका सामुदायिक र सहयोगी संस्थासँग सम्बन्धित अद्यावधिक तथ्यांकहरू यस वेबसाइटमा राखिएका छन् । statcounter.com का अनुसार सन् २००७ मा २० हजार ६ सय ७१ जनाले कोषको वेबसाइट (www.pafnepal.org.np) हेरे । सन् २००८ को पहिलो ६ महिनामा यो संख्या २२ हजार १ सय ५७ पुगेको छ ।

## विश्व बैंकको वेबसाइटमा कोषको भिडियो

कोषद्वारा रामेछापमा सञ्चालित कार्यक्रमको वृत्तचित्र विश्व बैंकको वेबसाइटमा राखिएको छ । उक्त वृत्तचित्रले रामेछापमा कोषले सञ्चालन गरेका कार्यक्रम तथा विभिन्न गतिविधिहरूमाथि प्रकाश पार्नुका साथै त्यसले स्थानीय बासिन्दामा पारेको प्रभाव झल्काएको छ । विश्व बैंकका सञ्चार अधिकृत एरिक नोराको जिल्ला भ्रमणका क्रममा उक्त वृत्तचित्र तयार पारिएको हो ।

## तालिम

कोषले आफ्ना अधिकारीहरूका लागि 'वातावरणीय तथा सामाजिक निर्देशिका' तालिम आयोजना गऱ्यो । सहयोगी संस्थाका कर्मचारीहरूलाई पनि उक्त निर्देशिकासम्बन्धी एकदिने अभिमुखीकरण तालिम दिइएको थियो । यसैगरी २०६४ माघ १४ देखि २२ गतेसम्म श्रीलंकाको कोलम्बोमा आयोजित 'दक्षिण एसियाका ग्रामीण गरिबहरूका लागि बजारले कसरी राम्रो काम गर्न सक्छ' भन्ने विषयमा आयोजित कार्यशालामा कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ र झंकनारायण श्रेष्ठले भाग लिनुभयो ।

## योजना आयोग र कोषका सञ्चालकको स्थलगत भ्रमण

राष्ट्रिय योजना आयोगको एक टोलीले २०६४ पुस १९ देखि २४ गतेसम्म कोषको कार्यक्रम सञ्चालन भइरहेका दुई जिल्ला प्युठान र रोल्पाको स्थलगत भ्रमण गऱ्यो । कोषका कार्यक्रमहरू अवलोकन गर्नु र स्थानीय राजनीतिक नेता तथा जिल्लाका विभिन्न विकास संस्थाका प्रतिनिधिसँग भेटेर कोष र उनीहरूबीचको सहकार्य अभिवृद्धिबारे अन्तर्क्रिया गर्नु भ्रमणको उद्देश्य थियो । टोलीमा योजना आयोगका उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेल, सदस्य दीपेन्द्र क्षेत्री, स्थानीय विकास मन्त्रालयका सह-सचिव मुकुन्दप्रसाद प्रकाश, शान्ति तथा पुनर्निर्माण मन्त्रालयका सह-सचिव किरण ढुंगेल, आयोगका सह-सचिव जगन्नाथ अधिकारी सामेल हुनुहुन्थ्यो । भ्रमणका क्रममा कोषका अधिकारीहरूले स्थानीय नेता, जिल्लास्तरीय सरोकारवाला निकायका कार्यालय प्रमुख, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय व्यक्तिलाई कोषद्वारा सञ्चालित कार्यक्रमको उद्देश्यबारे जानकारी गराएका थिए ।

टोलीले प्युठानको खलङ्गा- ९ स्थित उपल्लो बुढाचौरको लालीगुराँस सामुदायिक संस्थाको भ्रमण गरेको थियो । यसैगरी धरमवाली गाविसको बसेल सामुदायिक संस्था, दहकवाडी गाविसको सिर्जनशील सामुदायिक संस्था र बिजौरा गाविसस्थित नवजागरण सामुदायिक संस्था तथा जनसेवा सामुदायिक संस्थाको पनि टोलीले भ्रमण गरेको थियो । भ्रमण टोलीले कोषको सहायतामा सञ्चालित पशुपालन, खेतीपाती र पूर्वाधार कार्यक्रमहरू अवलोकन गऱ्यो ।

टोलीका सदस्यहरूले रोल्पा जिविसद्वारा आयोजित अन्तर्क्रिया कार्यक्रममा भाग लिए । लिवाङमा रहेका सिमलवाङ सामुदायिक संस्था, चाहना सामुदायिक संस्था र सम्झना सामुदायिक संस्थाको समेत उनीहरूले भ्रमण गरेका थिए । टोलीले सामुदायिक संस्थाद्वारा सञ्चालित

साप्ताहिक रेडियो कार्यक्रम
"गरिबी निवारण"
मात्र रेडियो नेपालमा
प्रसारण हुने दिन : प्रत्येक बिहीबार
प्रसारण समय : बिलुकी ८:१५ देखि ८:२० बजेसम्म

कार्यक्रम अवलोकन गर्नुका साथै संस्थाका सदस्यहरूसँग अन्तर्क्रिया गरेको थियो ।

यसैगरी, कोष सञ्चालक समितिका सदस्यहरूले २०६४ माघ १८ देखि २१ गतेसम्म प्युठान जिल्ला भ्रमण गरी त्यहाँ सञ्चालित कोषका कार्यक्रमहरू अवलोकन गरे । स्थानीय स्तरमा कोषका कार्यक्रम कसरी सञ्चालन भइरहेका छन् भनी हेर्न सञ्चालक समितिका सदस्यहरू स्थलगत भ्रमणमा गएका हुन् ।

## जट्रोपा तेलमा आधारित सिंचाइ प्रणालीसम्बन्धी सम्झौता

कोषले जट्रोपा तेलमा आधारित सिंचाइ प्रणाली प्रवर्द्धन गर्न विनरक इन्टरनेशनलको नवीकरणीय ऊर्जा आयोजना सहायता कार्यालय (आरईपीएसओ) सँग २०६५ वैशाख ९ गते समझदारीपत्र हस्ताक्षर गऱ्यो । कृषि उत्पादकत्व बढाउँदै गरिब कृषकहरूको आयआर्जनमा सुधार ल्याउने उद्देश्यले यो समझदारी गरिएको हो । कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठ र विनरक इन्टरनेशनलको आरईपीएसओका निमित्त निर्देशक विवेक चापागाईंले समझदारीपत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

समझदारीअनुसार आरईपीएसओले सिराहा तथा कोषको कार्यक्रम सञ्चालन भइरहेका अन्य जिल्लाहरूमा जट्रोपा प्रविधिबारे चेतना अभिवृद्धि गर्नेछ । जट्रोपा (सजियुँ) बाट निस्कने तेललाई सिंचाइ पम्पमा डिजेलको सट्टा प्रयोग गर्न सकिन्छ । यसले जट्रोपा प्रविधि र विनरकका स्थानीय साझेदार परिचालन गरी जट्रोपाको बीउ उत्पादनसम्बन्धी तालिमसमेत प्रदान गर्नेछ ।

कोष र आरईपीएसओले समुदायको मागका आधारमा सिराहा जिल्लास्थित कोष सामुदायिक संस्थामा प्रदर्शनी एकाई स्थापना गर्नेछन् । कोषका सम्बन्धित सहयोगी संस्थाहरूले यसमा आवश्यक सहयोग प्रदान गर्नेछन् । समझदारीअनुसार आरईपीएसओले सिंचाइ पम्पमा जट्रोपा तेल प्रयोग गर्ने प्रविधि प्रवर्द्धन गर्न स्थानीय समुदायिक संस्थाहरूलाई प्राविधिक सहायतासमेत प्रदान गर्छ । यसले जट्रोपा खेती, भण्डारण, तेल निष्कासन, सिंचाइ पम्प सञ्चालन तथा मर्मतसम्भारसँग सम्बन्धित क्षमता विकास कार्यमा पनि समुदायलाई सहयोग गर्नेछ ।



## विश्व बैंकद्वारा नेपाल विकास बजार २००८ सञ्चालन

विश्व बैंकले गरिबी निवारणका सिर्जनशील प्रविधि तथा कार्यक्रम छनौट गरी कार्यान्वयन गर्न नेपाल विकास बजार २००८ सार्वजनिक गरेको छ । विश्व बैंक-नेपालका राष्ट्रिय निर्देशक सुजान गोल्डमार्कले २०६४ फागुन १८ गते एक कार्यक्रममा नेपाल विकास बजारसम्बन्धी प्रवर्द्धनात्मक अभियानको थालनी गर्नुभयो । उहाँले अभियानको उद्देश्य र विशेषतामाथि प्रकाश पार्दै कसरी यसका सिर्जनशील उपलब्धिले नवीन ढंगमा गरिबी निवारणको उद्देश्य हासिल गर्न मद्दत गर्छ भनी जानकारी गराउनुभयो ।

बैंकका बरिष्ठ बाह्य सम्पर्क विशेषज्ञ राजीव उपाध्यायले नेपाल विकास बजार २००८ को प्रक्रियाबारे जानकारी दिनुभएको थियो । उहाँले विकास बजारको प्रवर्द्धन अभियानबारे विस्तृत जानकारी रहेको वेबपेज प्रदर्शन गर्नुभयो ।

कोषका उपाध्यक्ष डा. रामप्रकाश यादवले कोष र विशेष सिर्जनशील कार्यक्रमबारे बोल्नुभएको थियो । उहाँले सिर्जनशील विचारबाट मात्र लामो समयदेखि जरो गाडेर बसेको गरिबी हटाउन सकिने बताउनुभयो । कोषले गरिबीविरुद्ध लड्न र सामाजिक विकास प्रवर्द्धन गर्न कसरी गरिब समुदायलाई नयाँ र मौलिक विचार लिएर आउन प्रोत्साहित गर्छ भनी उहाँले उल्लेख गर्नुभयो ।

कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले नेपाल विकास बजार २००५ का विजेताहरूको कार्य-सम्पादनबारे जानकारी गराउनुभयो । देशका अत्यन्त दुर्गम र पिछडिएका जिल्लाको गरिबी निवारणमा उनीहरूले पुऱ्याएको योगदानको पनि उहाँले प्रशंसा गर्नुभयो । विकास बजार २००८ का एक साझेदार नेपाल आर्थिक पत्रकार समाज (सेजन) का अध्यक्ष किरण नेपालले पनि उक्त अवसरमा आफ्नो विचार व्यक्त गर्नुभएको थियो ।

## स्थानीय निकायसँग समन्वय र साझेदारीको प्रयास

अर्थ मन्त्रालयले कोष र स्थानीय सरकारी निकायहरूबीच राम्रो समन्वय र साझेदारी विकास गराउन २०६४ चैत १९ गते एक विशेष बैठक आयोजना गऱ्यो ।

अर्थ सचिव रामेश्वर खनालको सभापतित्वमा सम्पन्न उक्त बैठकमा स्थानीय विकास सचिव गंगादत्त अवस्थी, विश्व बैंकका रोशन बज्राचार्य र कोषका कार्यकारी निर्देशक राजबाबु श्रेष्ठले भाग लिनुभएको थियो ।

सचिव खनालले प्रत्येक आर्थिक वर्षको सुरुमा जिविसलाई आफ्नो कार्यक्रमको सूचना दिन कोषलाई निर्देशन दिनुभयो । सूचनामा चालू आयोजनाका सम्पूर्ण गतिविधि, आयोजनामा कोषको लगानी र यस वर्षका लागि कोषको कुल लगानीको अनुमान समावेश हुनुपर्नेछ । कोष र स्थानीय सरकारी निकायद्वारा सञ्चालन गरिने गरिबी निवारण कार्यक्रममा एकरुपता ल्याउन यो बैठक डाकिएको हो ।

कोषले आफ्ना सहयोगी संस्था र तिनको कार्य क्षेत्र/गाविससम्बन्धी सूचना तयार पारेर जिविसलाई दिने र सहयोगी संस्थाहरूलाई जिविसका सम्पूर्ण योजनामा भाग लिन लगाउने निर्णय बैठकले गरेको छ । स्थानीय विकास मन्त्रालय र जिविसले कोषका आयोजना क्षेत्रमा कार्यक्रम तर्जुमा गर्दा उस्तै खालका कार्यक्रम नदोहोरियोस् भनी सुनिश्चित गर्दै कोषको अभियानमा सघाउ पुग्ने खालका परिपूरक कार्यक्रम सञ्चालन गर्ने सहमति भएको छ ।

कोषले त्रैमासिक प्रगति विवरण सम्बन्धित जिविसमा पेस गर्ने सहमति जनाएको छ । कोषका आयोजना गतिविधि कोष र जिविसले संयुक्त रूपमा अनुगमन गर्ने वा जिविस एक्लैले अनुगमन गर्ने निर्णय बैठकले गरेको छ । ❑

साप्ताहिक रेडियो कार्यक्रम
"आशाके किरण"
मात्र रेडियो मिथिलामा
रेडियो मिथिला............१००.८ मेगाहर्ज
प्रत्येक सोमबार बेलुकी ६:३० देखि ६:४५ बजेसम्म

# संक्षेपमा कोष

(२०६४ फागुन मसान्तसम्म)



## कोष किन ?

दशौं योजनाका चार आधारस्तम्भमध्ये 'लक्षित कार्यक्रम' कार्यान्वयन गर्न स्थापित कोषलाई निर्देशित गर्न 'गरिबी निवारण कोष ऐन २०६३' लागू भएको छ ।

## सञ्चालक समिति

प्रधानमन्त्रीको अध्यक्षतामा गठित १२ सदस्यीय सञ्चालक समितिमा उपाध्यक्ष र पाँच सदस्य सरकारले नियुक्त गर्छ । बाँकी पाँच सदस्यमा राष्ट्रिय योजना आयोगको सचिवालयका सचिव, जिल्ला विकास समिति महासंघका अध्यक्ष, गाउँ विकास समिति महासंघका अध्यक्ष, राष्ट्रिय महिला आयोगका अध्यक्ष र राष्ट्रिय दलित आयोगका अध्यक्ष रहनेछन् ।

## उद्देश्य

लामो समयदेखि गरिबीमा बाँचिरहेका समुदायको जीवनस्तर उकास्नु कोषको प्रमुख उद्देश्य हो ।

## निर्देशित सिद्धान्त

- **अन्तोदय :** न्यूनतम आर्थिक स्थितिमा बाँचिरहेका गरिब र उपेक्षित समुदायको समृद्धि ।
- **सामाजिक समावेशीकरण :** निरपेक्ष गरिबीभन्दा तलका दलित, जनजाति, महिला तथा अन्य उपेक्षित समूह ।
- कार्यक्रम सञ्चालनको सबै तहमा पारदर्शिता ।
- **मागमुखी :** स्थानीय समुदायको आवश्यकता र मागका आधारमा कार्यक्रम तर्जुमा गरिने ।
- **प्रत्यक्ष भुक्तानी :** सामुदायिक संस्थाहरूलाई प्रत्यक्ष रकम भुक्तानी गरिने । ❑

| शीर्षक | | संख्या | रकम |
|---|---|---|---|
| सामुदायिक संस्थाहरू | कोषमा दर्ता | ६,८३८ | |
| | सम्झौता | ६,१३७ | २,७६३,९०८,९१५.५४ |
| सामुदायिक संस्थामा | आयआर्जन गतिविधि | ५,९३५ | २,२८७,३५३,०१९.५३ |
| कोषको लगानी | सामुदायिक पूर्वाधार | १,३५४ | ४७६,५५५,८९६.०१ |
| **सहयोगी संस्थाहरू** | | २२१ | |
| ओगटेको जिल्ला | कुल | ४५ | |
| | प्रारम्भिक ६ जिल्ला | ६ | |
| | थप १९ जिल्ला | १९ | |
| | सिर्जनशील प्रस्तावअन्तर्गतका जिल्ला | १० | |
| | नेपाल विकास बजार-विश्व बैंक | ८ | |
| ओगटेको गाविस | कार्यरत सहयोगी संस्था | ७९६ | |
| | सामुदायिक संस्थाका कार्यक्रम गतिविधि | ६५८ | |

| | | | | प्रतिशत |
|---|---|---|---|---|
| **सामुदायिक संस्था घरपरिवार** | **कुल** | | १८८,५१७ | |
| | गरिबी | अत्यन्त गरिब (क) | १२८,५४५ | ६८.२ |
| | श्रेणी | मध्यम गरिब (ख) | ४४,५८८ | २३.७ |
| | | गरिब (ग) | १४,८८५ | ७.९ |
| | | अलिकतिले गरिबीमा नपरेको (घ) | ४९८ | ०.३ |
| | लिङ्ग | पुरूष | ६१,०७८ | ३२ |
| | | महिला | १२७,४३९ | ६८ |
| | जनजाति | दलित | ७३,५१६ | ३९ |
| | | जनजाति | ५४,५१४ | २९ |
| | | अन्य | ६०,४२४ | ३२ |
| **कुल लाभान्वित घरपरिवार** | | | २२२,५३७ | |

### गरिबीका आधारमा घरपरिवार संख्या




### जातीय आधारमा घरपरिवार संख्या

